# वातावरणीय संघीयता*

नारायण बेल्बासे**





## १. परिचय

संघीय संरचना भएको मुलुकमा अन्तर्राष्ट्रिय सम्बन्ध, आयकर, राजस्व जस्ता विषयहरुको साथै वातावरणीय स्रोत,सेवा र वस्तु उपर व्यवस्थापिकीय (Legislative) अधिकारको संघ वा केन्द्र, राज्य वा प्रान्त र स्थानीय सरकारका बीच पनि विभाजन वा बाँडफाँड हुने गर्छ। अधिकारकावारे बढी भन्दा बढी स्पष्ट व्याख्या संघीय मुलुकका संविधानमा भएको पाईन्छ ।

## २. संघीय संरचनाको प्रारुप/मोडेल

संघीय संरचनामा नेपालको संविधानको स्वरुप कस्तो होला वा हुनु पर्छ भन्ने विषयमा विचार, चिन्तन र छलफल त्यति बढी भएको पाईदैन । त्यसमा पनि संघीय संरचनामा वातावरणीय स्रोत, सेवा वा वस्तुको बाँडफाँड, संघीय, प्रान्तीय स्थानीय सरकारका बीचमा कस्तो हुन उपयुक्त होला भन्ने विषयमा विरलै चर्चा भएको पाईन्छ । विश्वव्यापी रुपमा हेर्दा संघीय संरचनाको विभिन्न प्रारुप वा मोडेलहरु विकसित भएका र विभिन्न देशका संविधानले फरक फरक प्रारुपलाई आत्मसात गरेका छन् । संघीयताको अध्ययन गर्दा विशेष गरेर निम्न चार वटा प्रारुप विकसित भएको पाईन्छ :

१. केन्द्रीय संघीयता: केन्द्रीय संघीयता अन्तर्गत संघीय सरकारले वातावरणीय समस्याहरुको समाधानका लागि आवश्यक नीति, नियम, कानून बनाउनु पर्छ भन्ने केन्द्रीय संघीयताका प्रवर्तकहरुको भनाई छ ।

२. निक्षेपण संघीयता: निक्षेपण संघीयताका पक्षधरहरुका अनुसार वातावरणीय समस्याहरुको सबैभन्दा उपयुक्त समाधान प्रान्तीय र स्थानीय निकायबाट मात्र हुन सक्छ  तसर्थ वातावरणीय स्रोत, सेवा वा वस्तुको अधिकारहरु प्रान्त र स्थानीय निकायलाई प्रदान गर्न उपयुक्त हुन्छ ।

३. दोहोरो संघीयता: दोहोरो संघीयताका हिमायतीहरुका अनुसार संघीय र प्रान्तीय सरकारको वातावरणीय नीति, नियम, कानूनको तर्जूमामा एकदमै स्पष्ट वा प्रष्ट र भिन्न अधिकार हुनुपर्छ ।

४. अन्तरक्रियात्मक संघीयता: अन्तरक्रियात्मक वा सहकारी संघीयताको पक्षमा रहेका विद्वान्हरुका अनुसार वातावरणीय नीति तथा कानूनको तर्जूमा सम्बन्धी भूमिकाहरु संघीय, प्रान्तीय र स्थानीय निकाय वा सरकार सवैको आ-आफ्नो अधिकार क्षेत्र भित्र रहेर निभाउनु पर्छ ।

यी चारै किसिमका संघीयता वा संघात्मक स्वरुपको आ-आफ्ना सबल र दुर्बल पक्षहरु छन् । केन्द्रीय संघीयताका समर्थकका अनुसार यस प्रकारको वातावरणीय संघीयता दुई वा दुई भन्दा बढी प्रान्तहरुले उत्सर्जन गर्ने प्रदूषण र अन्तर्देशीय प्रदूषणको रोकथाम तथा नियन्त्रण, र यीसंग सम्बन्धित अन्य समस्याहरु समाधान गर्नमा प्रभावकारी मानिन्छ। वातावरण सम्बन्धी समान संघीय मापदण्डहरुले पूर्व निश्चितता र स्पष्टता प्रदान गर्छ भन्ने भनाई पनि उनीहरुको छ। तर केन्द्रीय संघीयतामा जन सहभागिता कम हुने, लचकताको अभाव हुने, वातावरणीय समस्याको समाधानका लागि नयाँ (Innovative) विचारले स्थान पाउन नसक्ने, वैचारिक विविधताको अभाव रहनुका अतिरिक्त राजनीतिज्ञहरुको मनोमानी वा हाली-मुहाली (Free Riders) हुन्छन् भन्ने आरोप केन्द्रीय संघीयताको आलोचकहरुको छ । निक्षेपण संघीयतामा वातावरणीय समस्या समाधानका लागि नयाँ विचार र नयाँ उपायको खोजी एवं प्रयोग हुन सक्ने सम्भावना तथा

* प्रस्तुत जानकारी पत्र *अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आई.यू.सी.एन.)* नेपालद्वारा *राजनैतिक दलका प्रतिनिधि, संविधान सभाका माननीय सदस्यहरु, आई.यू.सी.एन. नेपाल राष्ट्रिय समितिका सदस्यहरु, नयाँ संविधानमा वातावरणीय अधिकार समावेश सम्बन्धी परियोजना निर्देशन समितिका सदस्यहरु, संरक्षण क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरु एवं सञ्चारकर्मीलाई आयोजना गरिएको वातावरणीय संघीयता विषयक सम्वाद, परिसम्वाद एवं छलफल कार्यक्रममा मिति २०६७ साल वैशाख ३ गते प्रस्तुत गरिएको हो ।* यसमा  कार्यक्रमका सहभागी एवं विज्ञ व्यक्तिहरुबाट प्राप्त सुझाव एवं टिप्पणीलाई समेत समावेश गरिएको छ। प्रकाशित भावना लेखकका हुन् र प्रकाशकका अवधारणा पनि यिनै हुन् भन्न मिल्दैन ।

** वरिष्ठ वातावरण कानूनविद् ।

प्रेरणा पनि मिल्छ। यस संघीयता अन्तर्गत तर्जूमा भएका वा हुने कानून, नीति, नियमहरुमा स्थानीय वातावरणीय समस्या र स्थानीय अवस्था संग मिल्न सक्ने लचकता रहन्छ भन्ने निक्षेपण संघीयताका हिमायतीहरुको भनाई छ। कम्तिमा न्यूनतम स्तरको मानव स्वास्थ्य तथा वातावरणीय मापदण्ड कायम गर्न निक्षेपण संघीयता सक्षम हुने यससंग सम्बन्धित विज्ञको विश्वास छ। यसमा आर्थिक वा भौतिक विकासले प्राथमिकता पाउँछ। राम्रा राम्रा गुणस्तरीय वातावरणीय मापदण्डको तर्जूमा गरेर प्रान्तहरुका वीच दौडमा प्रथम वा द्वितीय हुनुको सट्टा पुच्छार वा अन्तमा पुग्नका लागि (Race to the Bottom) को खतरा भने कायम रहन्छ।

दोहोरो संघीयता अन्तर्गत संघीय र प्रान्तीय दुवै सरकारलाई कानून बनाउने अधिकार हुन्छ। संघीय र प्रान्तीय सरकारमा वातावरणीय कानून तर्जूमा गर्ने एकदमै स्पष्ट र भिन्न अधिकार रहन्छ। दोहोरो संघीयताले शक्ति सन्तुलनको अवस्था प्रदान गर्दछ र दोहोरो सुरक्षा कायम गर्दछ भन्ने तर्क दोहोरो संघीयताका पक्षधरहरुको छ। यसका विपक्षमा संघीय र प्रान्तीय सरकारको अधिकार क्षेत्रको पहरेदारी गर्न गाह्रो पर्ने, मुद्दा मामिला हेर्ने निकायलाई अधिकार क्षेत्रका वीचमा द्विविधा हुने तथा समन्वय समेतको अभाव रहने, संघीय कार्यक्रम कार्यान्वयन गर्न प्रान्तलाई पर्याप्त साधनको कमि रहने जस्ता तर्कहरु अगाडि सारेको पाईन्छ।

अन्तरक्रियात्मक संघीयताले केन्द्रीय, निक्षेपण र दोहोरो संघीय वा संघात्मक स्वरुपका फाईदाहरुलाई समावेश गर्नुका साथै यी सबैको कमि-कमजोरीलाई न्यून गर्ने हुँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रकृतिका वातावरणीय समस्याहरुको समाधानका लागि अन्तरक्रियात्मक वा सहकारी संघीयता उपयुक्त मानिन्छ। यसले वहुलता र सम्वादको सृजना गर्दछ जसको फलस्वरुप अन्तरक्रियात्मक संघीयता अन्तर्गत नयाँ नयाँ विचार र प्रतिस्पर्धी पहूँच वा उपायको अभिवृद्धि हुनुका साथ-साथै समन्याय र जवाफदेहिता कायम रहन्छ। वातावरणीय कानूनको तर्जूमा सम्बन्धी भूमिका राज्यका तीनै संघीय, प्रान्तीय र स्थानीय सरकारमा रहने हुँदा यी अधिकार खप्टिन सक्ने र चाहिने भन्दा बढी कानूनको तर्जूमा पनि हुन सक्ने सम्भावना रहन्छ। यी यस्तै असक्षमतापूर्वक जगेडा तथा द्विविधाजनक तरीकाले तर्जूमा हुने कानूनद्वारा वातावरणीय समस्या समाधान गर्न समय बढी लाग्ने अन्तरक्रियात्मक वा सहकारी संघीयताका आलोचकको मत रहेको छ। अन्तरक्रियात्मक संघीयता राम्रो भएतापनि माथि उल्लेख भएका तीनवटा संघात्मक प्रारुपको सट्टामा यो एक्लै लागू गर्न सजिलो नहुने विज्ञको मत छ।

## ३. संघीय राज्यमा वातावरणीय स्रोतहरुको बाँडफाँड

नेपालजस्तो नयाँ संघीय मुलुकमा वातावरणीय स्रोत, सेवा वा वस्तुहरुको बाँडफाँड संघीय, प्रान्तीय र स्थानीय सरकारको वीचमा माथि उल्लेख भएका वातावरणीय संघीयताका चारवटा प्रारुपहरु मध्ये कुन प्रारुपका आधारमा गरिनु पर्ने हो भन्ने विषयमा छलफल नै नभएको वा विरलै छलफल भएका छन्। यस सन्दर्भमा कुनै प्रारुपको चर्चा गर्दा यहाँ यो यथार्थ स्मरण तथा मनन गर्नु उपयुक्त होला कि आज पनि मुलुकका ८५ प्रतिशत भन्दा बढी नागरिकहरु आफ्नो दैनिक जीविकोपार्जनका लागि वातावरणीय स्रोत, सेवा र वस्तुहरुमा निर्भर रहेको हुँदा यस विषय वा मुद्दालाई गम्भीरता पूर्वक प्राथमिकता दिइनु उपयुक्त हुनेछ। माथि उल्लेख भएका संघीयताका चारैवटा प्रारुपहरुलाई नेपालको सन्दर्भमा बढी भन्दा बढी उपयोगी सावित हुने किसिमले निम्नानुसार छलफल एवं चिन्तन गरिनु जरुरी छ :-

### ३.१ वातावरण

वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा कानून बनाउने अधिकार संघलाई दिएको अवस्थामा वातावरणको संरक्षण र प्रदूषणको रोकथामको क्षेत्रमा एकरुपता कायम हुनेछ। यो कार्य यदि प्रान्तलाई दिइने हो भने निक्षेपण संघीयताका आलोचकहरुले भनेजस्तै राम्रा राम्रा गुणस्तरीय वातावरणीय मापदण्डको तर्जूमा गरेर दौडमा प्रथम वा द्वितीय हुनुको सट्टा पुच्छार वा अन्तमा पुग्नका लागि प्रतिष्पर्धा हुनेछ। फलस्वरुप उद्योगधन्दा, कलकारखाना र अन्य भौतिक विकास वातावरणको मूल्यमा हुने सम्भावना बढ्न सक्छ। उद्योग, कलकारखानालाई आफ्नो प्रान्तमा निम्त्याउने वा स्थापना गर्ने उद्देश्यले कतिपय प्रान्तले वातावरणीय मापदण्डहरुलाई ज्यादै फितलो वा ज्यादै कमजोर बनाउन सक्ने हुँदा "वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, वातावरणीय प्रभाव मूल्याङ्कन एवं वातावरणीय मापदण्ड सम्बन्धमा कानून बनाउने अधिकार संघको हुनेछ" भन्ने व्यवस्था संविधानमा समावेश गरिनु उपयुक्त देखिन्छ। यसै सम्बन्धमा "वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, वातावरणीय प्रभाव मूल्याङ्कन, वातावरणीय मापदण्ड सम्बन्धमा संघले बनाएका कानून भन्दा अझ वढी प्रगतिशील र उच्चस्तरीय कानून बनाउने अधिकार प्रान्तीय र स्थानीय सरकारलाई हुनेछ" भन्ने व्यवस्था संविधानमा समावेश गर्न उपयुक्त हुन्छ।

राज्य पक्ष भै गरिएका अधिकाँश अन्तर्राष्ट्रिय वहुपक्षीय वातावरणीय सन्धि सम्झौताहरुको कार्यान्वयन स्थिति अति कमजोर छ। विश्वव्यापी वातावरणीय समस्या समाधानको आवश्यकतालाई विचार तथा मूल्याङ्कन गरी तर्जूमा गरिने त्यस्ता "वातावरणीय दिगो विकासका सिद्धान्तलाई परिपालन गर्न नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरुका सम्बन्धमा आवश्यक कानून संघले तर्जूमा गर्ने तथा त्यस्ता कानूनहरुको कार्यान्वयन प्रान्तले गर्नु पर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन, वातावरणीय मापदण्ड तर्जूमा तथा कार्यान्वयन गर्ने अधिकार प्रान्तलाई हुनेछ" भन्ने व्यवस्था संविधानमा समावेश गरिएमा मात्र सम्वन्धित प्रान्तस्तरसम्म व्यवहारिक रुपमा ती व्यवस्थाहरुको कार्यान्वयनको सुनिश्चितता बढ्ने छ।

नेपालका अधिकाँश शहर तथा शहरोन्मूख गाऊँहरुमा उपभोगवादी शैलीको तीव्र वृद्धिका कारण हाम्रा रमणीय, स्वच्छ तथा स्वस्थ प्राकृतिक, भौतिक, जैविक, मानवीय, जलीय, वानस्पतिक, पारिस्थितिक प्रणालीमा विभिन्न किसिमका नकारात्मक असर परिरहेको तथ्य स्थानीय, क्षेत्रीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरसम्म आधुनिक सञ्चारका विभिन्न माध्यमवाट सवैको सामु छर्लङ्ग छ । नेपालका अधिकाँश ठूला शहरहरु मध्ये खासगरेर काठमाण्डौ उपत्यकामा फोहोरमैलाको व्यवस्थापनमा आएका समस्याले पछिल्ला दिनमा २०६३ साल देखि २०६६ साल वैशाख सम्ममा जम्मा ६४ दिन जस्तै २०६५ साल माघ महिनामा लगातार १९ दिन, चैत्रमा १३ दिन तथा २०६६ बैशाखमा ९ दिन सम्म काठमाण्डौ उपत्यकाको कुनै पनि फोहोरमैला[1] उठ्न सकेन ।[2] विर्सजन गरिने (डम्पिङ्ग) क्षेत्रका स्थानीय वासिन्दा र काठमाण्डौ महानगरपालिका, ललितपुर उप–महानगरपालिका तथा नेपाल सरकार, स्थानीय विकास मन्त्रालयका वीच भएका समझदारी परिपालना नभएकाले काठमाण्डौ उपत्यकाको फोहोरमैला उठ्न नसकेको तथ्य सबैको तथ्य प्रष्ट छ । संघीय राज्यका कंहीका नागरिकले पनि दैनिक जसो उल्लेखित समस्यावाट कसैको अनपेक्षित आचरण र व्यवहारवाट आक्रान्त बन्नु नपरोस् भन्ने हेतुले आगामी संविधानमा फोहोरमैलाको उचित व्यवस्थापन गर्न आवश्यक पर्ने व्यवस्थापिकीय (Legislative) अधिकार स्थानीय सरकारलाई दिनु पर्छ । त्यसैले संविधानमा "फोहोरमैला सम्बन्धी ऐन, नियम, नीति कार्यक्रम तर्जूमा गर्ने अधिकार र कार्यान्वयन गर्ने दायित्व दुबै स्थानीय सरकारको हुनेछ" भन्ने प्रावधान समावेश गरेमा स्थानीय सरकारबाट नै फोहोरमैलाको उचित व्यवस्थापन गर्न सम्भव हुनेछ ।

### ३.२ जलवायु परिवर्तन

जलवायु परिवर्तन सम्बन्धमा आवश्यक कानून बनाउने अधिकार कुनै एउटा तहमा मात्र राख्दा समस्याको समाधानमा कुनै ठूलो योगदान हुन कठीन हुनेछ । जलवायु परिवर्तन सम्बन्धी नियम कानून बनाउने अधिकार संघीय, प्रान्तीय र स्थानीय अधिकार तीनवटै तहमा हुनुपर्छ तर संघले बनाएको कानूनसंग बाझिने गरी प्रान्तीय वा स्थानीय सरकारले कानून बनाएमा वा प्रान्तको कानूनसंग स्थानीय सरकारले बाँझिने गरी कानून बनाएमा बाझिएको जति आफसेआफ खारेज हुने प्रावधान समावेश गरिनु उपयुक्त हुन्छ ।

"वातावरणीय स्रोतमा आधारित राष्ट्रिय उद्योगका बारेमा नियमन, त्यस्ता स्रोतमा आधारित वस्तु र सेवा माथिको कर र यी सम्बन्धी तथ्याङ्कको अभिलेख राखी प्रकाशन संघले गर्नेछ", भन्ने प्रावधान समावेश भएमा वातावरणीय स्रोतसम्बन्धी उद्योग लगायत स्रोत तथ्याङ्कको स्रोतसम्बन्धी वस्तु र सेवाको कर सम्बन्धी अभिलेखिकरण दुरुस्त रहन्छ । "सबै तहका वातावरणीय स्रोतहरुको कानून, सर्वाङ्गीण योजना तर्जूमा, कार्यविधिगत, संरचनागत, निर्णय प्रकियामा समन्वय, अनुगमनको आवश्यक व्यवस्था गर्ने, जीविकोपार्जनमा प्रत्यक्ष वा परोक्ष रुपमा गम्भीर रुपमा असर पर्न जाने विषयमा जनमत संग्रहका आधारमा वातावरणीय सुशासन कायम गर्न वातावरणीय स्रोतको दिगो व्यवस्थापनको लागि वातावरणीय स्रोतमा जीविकोपार्जन गर्ने समुदाय-स्थानीय, प्रान्त र संघ, संघ-समुदाय, संघ-प्रान्त, प्रान्त-प्रान्तवीच तथा अन्तर्राज्यवीचका द्वन्द व्यवस्थापन सवैले संयुक्त रुपमा गर्नेछन्", भन्ने प्रावधान संविधानमा समावेश गर्दा सबै तहका वातावरणीय स्रोतको व्यवस्थापन तथा संरक्षण गर्न सम्वन्धित सरकार एवं समुदायको दायित्व तथा अधिकारको सहज रुपमा प्रयोग हुन सक्ने देखिन्छ ।

### ३.३ जलस्रोत

संघीय संरचनामा जलस्रोतको बाँडफाँड सम्बन्धमा स्पष्ट व्यवस्था भएमा संघ, प्रान्त र स्थानीय सरकारवीच वातावरणीय स्रोत उपरको व्यवस्थापिकीय अधिकार प्रष्ट हुनेछ । जसको फलस्वरुप जलस्रोतको संरक्षण, दिगो उपयोग र जलस्रोतको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणमा समेत योगदान पुग्ने र विवादको रोकथाम हुनेछ ।

अत: वातावरणीय स्रोत मध्ये जलस्रोत व्यवस्थापनका सन्दर्भमा:

- जलस्रोतको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, दिगो उपयोग र जलस्रोतको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा संघले कानून तर्जूमा गर्ने र प्रान्तहरुले सो कानूनको कार्यान्वयन गर्नेछन्;
- ५० मेगावाट भन्दा बढीको जलविद्युत उत्पादन, प्रसारण तथा विक्री वितरण सम्बन्धी नियमनको हक संघलाई;
- ५० मेगावाट भन्दा कम र दश (१०) मेगावाट भन्दा बढीको जल विद्युत उत्पादन, प्रसारण तथा विक्री वितरण सम्बन्धी व्यवस्थापिकीय अधिकार प्रान्तलाई;
- दश (१०) मेगावाट भन्दा कम र दुई (२) मेगावाट भन्दा बढीको जल विद्युत उत्पादन, प्रसारण तथा विक्री वितरण सम्बन्धी व्यवस्थापिकीय अधिकार स्थानीय सरकारलाई; र
- दुई (२) मेगावाट भन्दा कमको जल विद्युत उत्पादन, प्रसारण तथा विक्री वितरणको अधिकार समुदायलाई हुनेछ ।

उपरोक्त किसिमले एउटा स्तर र सीमा निर्धारणका साथ व्यवस्थापिकीय हक संविधानले तोकी दिएमा एकातर्फ तीनवटै

---

[1] "फोहोरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यांस, लेदो, धूँवा, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ ।

[2] अधिवक्ता एल.वी.थापाको २०६६ वैशाख २१ गते रेडियो खबर पत्रीका भित्रको समसामयिक विषयमा शान्ता वस्नेतसंग रेडियो सगरमाथामा भएको रेडियो अन्तर्वातामा आधारित ।

तहलाई व्यवस्थापिकीय अधिकार रहन्छ भने अर्को तर्फ सो स्तर र सीमा भित्र रहेर संघ, प्रान्त र स्थानीय सरकार एवं समुदायले जलस्रोतको संरक्षण र व्यवस्थापन गरी आ-आफ्नो क्षेत्रको विकास गर्ने अवसरबाट वञ्चित हुने छैनन्। प्रान्त र स्थानीय सरकार एवं समुदायलाई क्षमता अनुसारको विद्युत उत्पादन गर्ने अधिकार प्रदान गर्नु पर्ने र उत्पादनको हद (Production Ceiling) नतोकेमा राम्रो हुने छ।[३] सुझाव गरिएका व्यवस्थालाई वातावरणीय संघीयताको प्रारुपसंग मिलाएर हेर्ने हो भने यसमा चारैवटा प्रारुप हामी पाउँछौं, केवल स्तर र सीमा निर्धारणले प्रत्येक तहको अधिकार क्षेत्र छुट्याई दिएको तर चारवटै तहको कार्यगर्ने भनेको जलस्रोतको क्षेत्रमा नै हो।

जलस्रोतको उपयोग गरेवापत उठ्ने शुल्कका सम्वन्धमा "प्रान्तले संघीय कानूनको अधीनमा रहेर जलस्रोतको उपयोग गर्ने र उपयोग गरेवापत आवश्यक शुल्क लगाउन पाउने अधिकार" संविधानमा समावेश गर्न उचित हुन्छ। जलस्रोतको उपयोगमा "जुन प्रान्तबाट जलस्रोतको उत्पति भएको हो सो प्रान्तको हितलाई संघले प्राथमिकता दिनु पर्नेछ" भन्ने व्यवस्था संविधानमा उल्लेख गरेको अवस्थामा संघलाई मार्गदर्शनका साथै भविष्यमा हुन सक्ने विवादलाई निराकरणको आधार समेत प्रशस्त हुनेछ। "दुई वा दुई भन्दा बढी प्रान्तका बीचमा रहेका अन्तर-प्रान्तीय जलाधार क्षेत्रहरु वा जलपरिधी उपरको अधिकार वा सोसँग सम्बन्धित कानून संघले बनाउने र उठ्न सक्ने विवादको निराकरण समेत संघले गर्नेछ" भन्ने प्रावधान संविधानमा समावेश गरिनु उचित देखिन्छ। "सामुदायिक परम्परागत ढुङ्गेधारा, साना नदी नालाहरु, सामुदायिक ताल, स्थानीय नविकरणीय श्रोत व्यवस्थापन तथा किसानद्वारा व्यवस्थित सिंचाईको उत्पादन, विक्री वितरण, पिउने पानी व्यवस्थापन, मर्मत, सम्हार, संरक्षण लगायत विकासमा समुदायको दायित्व सहितको अधिकार रहनेछ" भन्ने व्यवस्था संविधानमा गर्न सकिएमा हालसम्म समुदायद्वारा व्यवस्थापन तथा सञ्चालित भैरहेका सामुदायिक ज्ञानको पनि उचित संरक्षण र सम्मान समेत हुन सक्नेछ र सम्वन्धित समुदायलाई उल्लेखित विषयमा कुनै सरकारसंग पनि भर पर्नु पर्ने स्थितिको अन्त्य समेत हुन सक्नेछ।

संविधानमा जिल्ला स्तरीय पिउने पानीसंग सम्बन्धित कानून बनाउने देखि व्यवस्थापनको सम्पूर्ण हक स्थानीय सरकार, एउटै प्रान्त भित्रका दुई वा दुई भन्दा बढी जिल्ला र प्रान्त स्तरीय पिउनेपानी योजनाको सम्बन्धी नियम र व्यवस्थापनको हक प्रान्तलाई र समुदाय स्तरको पिउनेपानी सम्बन्धी हक सम्बन्धित समुदायको हुने व्यवस्था गरिनु उपयुक्त देखिन्छ।

सोहि अनुरुप जिल्ला स्तरीय सिँचाई, भूमिगत सिँचाई समेतको व्यवस्थापिकीय अधिकार र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई; दुई वा दुई भन्दा बढी जिल्लाका एवं प्रान्तस्तरीय सिँचाई भूमिगत सिँचाई सम्बन्धी व्यवस्थापिकीय अधिकार सो को विकास, संरक्षण सम्बन्धी जिम्मेवारी प्रान्तलाई; दुई वा दुई भन्दा प्रान्तस्तरको सिँचाई लगायतका विषयका हक एवं दायित्व संघमा रहनु उपयुक्त मानिन्छ। किसानद्वारा व्यवस्थित सिँचाई सम्बन्धी हक र जिम्मेवारी सम्बन्धित समुदायकै हुनु उपयुक्त मानिन्छ।

सिमसार क्षेत्र र हिमतालका सम्बन्धमा नियमन र व्यवस्थापनको अधिकार र दायित्व संघ, प्रान्त, स्थानीय सरकार र सम्बन्धित समुदायको हुनुपर्छ। संघले बनाएको कानून भन्दा अझै उच्च स्तरीय कानून बनाउने अधिकार प्रान्तीय र स्थानीय सरकारको संविधानमा रहनु बढी व्यवहारिक हुनेछ।

दुई वा दुई भन्दा बढी प्रान्तभित्रको जलाधार क्षेत्रको संरक्षण सम्बन्धी नियमनकारी गरी अधिकार संघको र सो वाहेकका जलाधार क्षेत्रको संरक्षण सम्बर्द्धनको अधिकार प्रान्त र स्थानीय सरकारको रहनु उपयुक्त मानिन्छ।

### ३.४ वन

विगतमा मुलुकको संरचना एकात्मक हुँदा वनको संरक्षण, व्यवस्थापन, विकास र वनमा विभिन्न वर्गको पहूँच तथा लाभको वितरणमा उल्लेखनीय उपलब्धी भएको छ। नेपालले वनको व्यवस्थापनमा विगतमा प्राप्त गरेको सफलता र वन व्यवस्थापनका क्षेत्रमा राखेको अतुलनीय अनुभवको जगलाई आधारविन्दु बनाई वन स्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था संविधानमा गरिनु उपयुक्त देखिन्छ। वन स्रोतवाट प्राप्त हुने फाईदाको सम्बर्द्धनका लागि "संरक्षण, विकास तथा वनबाट प्राप्त हुने जैविक, सामाजिक, आर्थिक, साँस्कृतिक र अध्यात्मिक फाइदाहरुको सम्बर्द्धनका लागि संरचनागत कानूनको तर्जूमा गर्ने अधिकार संघको हुनेछ" भन्ने प्रावधान नयाँ संविधानमा समावेश गरिनु उपयुक्त हुन्छ।

वातावरणीय न्यायको सिद्धान्त र तत्वलाई आत्मसात गर्दै "वनको संरक्षण, व्यवस्थापन, वनमा दिगो तथा समन्यायिक पहूँच र वन, स्रोत, सेवा एवं वस्तुबाट प्राप्त हुने विभिन्न किसिमका लाभमा समन्यायिक वितरण सम्बन्धी सिद्धान्तहरु प्रतिपादन गर्ने संरचनागत कानूनको तर्जूमा गर्ने अधिकार संघको हुनेछ" भन्ने व्यवस्था संविधानमा गरिनु उपयुक्त देखिन्छ। यसका अतिरिक्त उल्लेखित सिद्धान्तहरुका आधारमा संघले तर्जूमा गरेका संरचनागत कानूनका आधारमा वनको संरक्षण व्यवस्थापन, दिगो उपयोग र लाभको समन्यायिक वितरण सम्बन्धी विस्तृत व्यवस्था गर्न हालसम्म स्थानीय समुदायले प्राप्त गरेको अनुभवलाई मध्य नजर गरेर वनको व्यवस्थापन संरक्षण, उपयोग तथा यसबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी कानून बनाउने अधिकार प्रान्तलाई प्रदान गर्दा वनको व्यवस्थापन तथा संरक्षण प्रभावकारी हुनुका

[३] आई.यू.सी.एन.द्वारा मिति २०६७ साल वैशाख ३ गते आयोजित **वातावरणीय संघीयता** विषयक सम्वाद परिसम्वाद एवं छलफल कार्यक्रमका सहभागी मार्फत् व्यक्त विचार।

साथै उपभोक्तालाई वढी अधिकार प्रदान गर्ने तर्फ उन्मूख रहने गरी "संघले तर्जूमा गरेको वनको संरक्षण र व्यवस्थापन सम्बन्धी कानून भन्दा अझ बढी वन संरक्षण लैङ्गिक तथा सामाजिक न्याय र सुशासनमा योगदान पुऱ्याउन सक्ने कानून तर्जूमा र लागू गर्ने अधिकार प्रान्तको हुनेछ" भन्ने व्यवस्था संविधानमा गरिएमा संघात्मक राज्यको सुखद अनुभूति सवैलाई हुनेछ । वनको संरक्षण, दिगो पहूँच, लाभका समन्यायिक वितरणका सिद्धान्तहरु प्रतिपादन गर्ने, संरचनागत कानूनका आधारमा स्थानीय स्तरमा सामुदायिक वन, कबुलियती वनको व्यवस्थापन तथा यसबाट प्राप्त लाभमा  स्थानीय विकासका कृयाकलापको अनुभवलाई महत्व दिंदै "समुदायमा आधारित सामुदायिक वन, कबुलियती वन, धार्मिक वन तथा नीजि वनको व्यवस्थापन, संरक्षण एवं उपयोगबाट प्राप्त लाभमा समन्यायिक वितरण लगायत अन्य वन व्यवस्थापन योजना कार्यान्वयनको दायित्व तथा अधिकार समेत कुनै पनि सरकारको प्रत्यक्ष तथा परोक्ष रुपमा कुनै दायित्व तथा अधिकार समेत नभएका समुदायमा आधारित सबै वनहरुमा भएका भू-संरक्षण, जलाधार, बृक्षारोपण, जडिबुटीको व्यवस्थापन, संरक्षण एवं उपयोगबाट प्राप्त लाभमा समन्यायिक वितरण लगायत अन्य वन व्यवस्थापन योजना कार्यान्वयनको दायित्व तथा अधिकार दुवै समुदायमा रहनेछ" भन्ने प्रावधान संविधानमा राखिँदा हाल सम्मको समुदायले गरेको वनको संरक्षण तथा समुदायको विकासमा वातावरणीय संघात्मक व्यवस्थाले थप योगादान पुऱ्याउन सक्ने देखिन्छ ।

### ३.५ संरक्षित क्षेत्र

संरक्षण क्षेत्रमा नेपालले गरेको योगदानबाट विगतमा राजनैतिक तथा आर्थिक पहूँच भएका व्यक्तिका तुलनामा अन्य स्थानीय समुदायहरुले न्यून लाभ पाएको यथार्थ हो । त्यसैले जीविकोपार्जन र साँस्कृतिक अधिकारका पक्षहरुलाई अधिकाधिक ध्यान र प्राथमिकता दिई स्थानीय समुदायलाई संरक्षण क्षेत्रबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँड गर्न संविधानमा तदनुकूलको व्यवस्था गरिनु उपयुक्त देखिन्छ ।

नयाँ संविधानमा "राष्ट्रिय निकुञ्ज, संनियमित क्षेत्र, शिकार आरक्ष, वन्य जन्तु आरक्ष क्षेत्रको घोषणा गर्ने अधिकार संघको हुनेछ" भन्ने व्यवस्था राख्नु उपयुक्त हुन्छ । "संरक्षित क्षेत्रहरुको संरक्षणको व्यवस्थापन - संघीय, प्रान्तीय र स्थानीय सबै सरकारको अधिकार र कर्तव्य दुवै हुनेछ" र संरक्षण क्षेत्रको संरक्षण र विकास गर्ने अधिकार एवं दायित्व प्रान्तको हुनेछ" भन्ने व्यवस्था राख्दै सो वाहेक "पहिचान गुमाएका घुमन्ते राउटे जस्ता विपन्न आदिवासी/जनजाति/महिला/दलित तथा वञ्चितीकरणमा पारिएका समुदायको जीविकोपार्जन र साँस्कृतिक अधिकारका पक्षहरुलाई संघले विशेष ध्यान र प्राथमिकता दिनु पर्नेछ" भन्ने व्यवस्था समेत समावेश भएमा संघलाई आवश्यक मार्गदर्शन प्राप्त हुने र संरक्षण क्षेत्र आसपासमा वसोवास गर्ने समुदायमा नयाँ संविधानले उनीहरुको जीविकोपार्जन र साँस्कृतिक अधिकार संरक्षण प्रति चासो भएको विश्वास हुनेछ । त्यस्तै "सङ्कटापन्न जङ्गली रुखविरुवा तथा वन्यजन्तुका प्रजातिहरुको अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी महासन्धिसंग सम्बन्धित कानूनको तर्जूमा गर्ने अधिकार संघको हुनेछ" भन्ने व्यवस्था संविधानमा भएमा सम्वन्धित महासन्धि अन्तर्गतको दायित्व सरकारवाट पूरा हुन सक्ने सम्भावना रहन्छ । हाल संरक्षण क्षेत्र घोषणा भै व्यवस्थापन भैरहेका संरक्षण क्षेत्रहरुमा स्थानीय निकायले पनि योगदान गरेका छन् । निकट भविष्यमा ती निकायहरु विभिन्न प्रान्तभित्र पर्ने छन् र प्रान्तलाई सो अनुभव संरक्षण क्षेत्रको व्यवस्थापनका लागि पनि उपयोगी हुनेछ । त्यसैले "संरक्षण क्षेत्र, समुदायद्वारा संरक्षित संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रान्तीय वा स्थानीय सरकारको हुनेछ" भन्ने संवैधानिक प्रावधान गरिनु अत्यन्तै सामयिक तथा व्यहारिक दुवै हुनेछ ।

राष्ट्रिय निकुञ्ज, संनियमित क्षेत्र, शिकार आरक्ष, वन्य जन्तु आरक्षबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँड गर्न "राष्ट्रिय निकुञ्ज, संनियमित क्षेत्र, शिकार आरक्ष, वन्य जन्तु आरक्षबाट प्रवेश शुल्क लगायत प्राप्त हुने अन्य आयवाट संघीय, प्रान्तीय र स्थानीय सरकारमा समन्यायिक वितरण हुनेछ" भन्ने प्रावधान गरिंदा स्रोतको संरक्षण गरेवापत वातावरणीय न्याय प्राप्त गर्न नयाँ संविधान संरक्षण क्षेत्रमुखी भएको स्थानीय समुदायले महशुस गर्नेछन् । मध्यवर्ती क्षेत्रका स्थानीय उपभोक्ताले हाल प्राप्त गरेको आम्दानीको हिस्सामा कटौती गरिनु हुँदैन । यसका साथै "संरक्षित क्षेत्रबाट प्रान्तीय सरकारलाई प्राप्त आयमा सम्बन्धित मध्यवर्ती क्षेत्रका स्थानीय उपभोक्तालाई र सम्बन्धित मध्यवर्ती क्षेत्रका स्थानीय सरकारलाई समन्यायिक वितरणको हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था गर्न उपयुक्त हुन्छ । त्यस्तै "समुदायको ज्ञान, शीप र अभ्यासमा आधारित जैविक विविधता, सिमसार, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुको उपयोगमा समन्यायिक पहूँच तथा उपयोग एवं ती क्षेत्रवाट प्राप्त लाभमा समन्यायिक वितरण, यी विषयको नीति निर्माण, निर्णय, अनुगमन एवं मूल्याङ्कन प्रकृयामा वञ्चितीकरणमा पारिएका समुदायलाई आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक आदि हैसियतका आधार विना भेदभाव सार्थक एवं समावेशी सहभागिताको अधिकार एवं कर्तव्य दुवैको पालना गर्नु पर्नेछ" भन्ने प्रावधान संविधानमा भएमा वातावरणीय संघीयताले सार्थकता पाउँछ । यसका अतिरिक्त संविधानमा "संघले कार्यान्वयन गर्ने छ भन्ने उल्लेख भएको अवस्थामा बाहेक अन्य अवस्थामा प्रान्तहरुले सो कार्यान्वयन गर्नेछन्" भन्ने व्यवस्था उल्लेख भएमा पछि कार्यान्वयनमा समस्या आउँदैन ।

### ३.६ खानी, खनिज  पदार्थ तथा उर्जा

वातावरणीय एवं प्राकृतिक स्रोतको दिगो सदुपयोगको सुनिश्चितता

र स्रोतको अत्यधिक मात्रामा शोषण नगरिएमा मात्र नवीकरणीय स्रोतको पुनः आपूर्ति सम्भव छ । गैर नवीकरणीय स्रोतहरुको उपलब्धता भन्दा औसतमा बढी उपयोग भएमा स्रोत नै घट्न जाने निश्चित छ । अतः यस विषयमा यथोसंगत संवैधानिक प्रावधान गरिनु उपयुक्त हुन्छ ।

देशमा उत्खनन् भएको वा उत्खनन् हुन बाँकी रहेका सम्पूर्ण "ठूला खानी, खनिज पदार्थ, खनिज तेल र पेट्रोलीयम, प्राकृतिक ग्याँस, कोईला, सौर्य उर्जा, वायु उर्जा, गोवर ग्याँस तथा अन्य जैविक ईन्धन, युरेनियम, सुन खानीको नियमन, उपयोग, पहूँच तथा व्यवस्थापन सम्वन्धी कानून वनाउने अधिकार संघको हुनेछ र ती वस्तुको उपयोगवाट प्राप्त लाभमा सम्वन्धित प्रान्तले समन्यायिक हिस्सा पाउनेछन्" भन्ने अग्राधिकार सहितको प्रावधान संविधानमा गरिएमा संघीय व्यवस्थाको वास्तविक अनुभूति हुन जानेछ । "अन्तर्राज्यमा रहेका सबै ठूला खानी तथा खनिज पदार्थ, खनिज तेल र पेट्रोलियम, प्राकृतिक ग्याँस, युरेनियम, सुन खानी बाहेकका अन्य सबै ठूला खानी तथा खनिज पदार्थको उपयोग, पहूँच तथा व्यवस्थापन सम्बन्धी कानून बनाउने अधिकार प्रान्तको हुनेछ" भन्ने प्रावधान राखिएमा संघको अधिकारमा भएका खानी बाहेकका अन्य ठूला खानी तथा खनिज पदार्थको सम्वन्धित प्रान्तवाट सोको आवश्यक व्यवस्थापन, उपयोग, संरक्षण समेत हुन सक्छ । "संघ तथा प्रान्तस्तरबाट व्यवस्थापन तथा नियमन गर्ने खानी तथा खनिज पदार्थ बाहेकका मध्यम तहका खानी तथा सतहमा रहेका ढुङ्गा, बालुवा, तथा गिट्टी आदिको पहूँचमा उपयोग तथा व्यवस्थापन सम्बन्धी कानून बनाउने अधिकार एवं कर्तव्यको पालना स्थानीय सरकार एवं स्थानीय समुदायको हुनेछ" भन्ने व्यवस्था भएमा स्रोतमाथि स्थानीयवासीको व्यवस्थापन, संरक्षण तथा उपयोगमा पूर्ण अधिकार तथा संरक्षणको कर्तव्य पालनामा उत्तरदायी बन्न हौसला मिल्छ । स्थानीय आवश्यकताको सिद्धान्त अनुसार ती क्षेत्रका वातावरणीय स्रोत, वस्तु तथा सेवाको उचित व्यवस्थापन हुन जान्छ ।

"वातावरण-मैत्री उर्जा जस्तै इथानोल, बायोडिजेल, बायोग्याँस र ब्रिकेट, सौर्य, वायू, भूतापीय उर्जाको विकास र प्रवर्द्धन गर्ने अधिकार एवं दायित्व र ती वस्तुबाट प्राप्त लाभमा समन्यायिक वितरण, सो वारेमा नीति निर्माण, निर्णय, अनुगमन एवं मूल्याङ्कन प्रकृयामा वञ्चितीकरणमा पारिएका स्थानीय समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, राजनैतिक आदि हैसियतका आधार विना भेदभाव समन्यायिक, सार्थक र पूर्ण समावेशी सहभागिताको हक हुनेछ" भन्ने प्रावधान नयाँ संविधानमा राखिएमा परम्परागत उर्जा माथिको निर्भरता घटी स्थानीय स्रोत र साधनको सदुपयोग भै स्थानीय रोजगारको अवसरमा समेत बृद्धि भै उत्पादित उर्जाको खपत तथा निकासी भै उर्जा आयातमा कमि आई स्वदेशी रकम विदेशिनबाट रोकिई स्थानीय अर्थतन्त्र पनि सवल हुन सक्नेछ ।

## ३.७ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

प्राकृतिक, प्राचीन स्मारक[४] तथा साँस्कृतिक सम्पदा संरक्षण लगायत अन्य वारेमा "प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थापन र भावी सन्ततीलाई प्रस्तुती सम्बन्धी कानून तर्जूमा गर्ने अधिकार संघ तथा प्रान्त दुवैलाई हुने र एक सय वर्ष भन्दा कम पुराना स्मारकहरुको संरक्षण, सम्बर्द्धन सम्वन्धी कानूनको तर्जूमा संघले गर्ने" व्यवस्था संविधानमा राख्नु उपयुक्त हुनेछ । "विश्व सम्पदा सूचीमा सूचीकृत प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, व्यवस्थापन र भावी सन्ततीलाई प्रस्तुती सम्बन्धी कानून बनाउने अधिकार संघको हुनेछ" भन्ने व्यवस्था भएमा विश्व सम्पदा सम्वन्धी महासन्धि अन्तर्गतको कानून तर्जूमा भै लागू हुन सकेमा मात्र सो महासन्धि अन्तर्गतको दायित्व सरकारले पूरा गर्न प्रयास गरेको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा समेत ती महासन्धिको महत्व झल्किन सक्नेछ । साथै "प्राचीन स्मारकको परिभाषा भित्र नपर्ने एक सय वर्ष भन्दा कम पुराना स्मारकहरुको संरक्षण, सम्बर्द्धन सम्वन्धी कानूनको तर्जूमा र सो को कार्यान्वयनको अधिकार तथा दायित्व प्रान्तको हुनेछ" भन्ने प्रावधान भावी संविधानमा रहेको अवस्थामा संघले प्राचीन सांस्कृतिक सम्पदा र प्रान्तले अलि नयाँ खाले सांस्कृतिक सम्पदाको संरक्षणमा आफ्नो समय, परीश्रम, आर्थिक तथा प्राविधिक स्रोत केन्द्रित गर्न सक्ने अवस्थाको सृजना हुनेछ । यसरी "प्रान्तले तर्जूमा गर्ने कानूनमा सम्पदा संरक्षण एवं प्रवर्द्धनमा सम्बन्धित जनसमुदायको योगदानको कदर हुनेछ" भन्ने प्रावधान राखिएमा स्थानीय स्तरबाटै प्राचीन तथा सांस्कृतिक सम्पदाको वास्तविक प्रभावकारी संरक्षण तथा व्यवस्थापन प्रभावकारी ढङ्गबाट हुन सक्छ । त्यस्तै "समुदायस्तरका प्राकृतिक, धार्मिक वातावरण तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने कर्तव्य तथा अधिकार स्थानीय समुदायको हुनेछ", भन्ने व्यवस्था संविधानले गरेको अवस्थामा समुदायलाई प्राकृतिक तथा साँस्कृतिक सम्पदाको संरक्षणमा अझ बढी जिम्मेवार रुपमा अगाडि बढ्न प्रेरणा र संवैधानिक जनादेश समेत मिल्नेछ ।

## ३.८ भूमि तथा कृषि

"भूमिको स्वामित्व, जग्गाको हदबन्दी निर्धारण, राष्ट्रिय प्राथमिकता प्राप्त कार्यको लागि जग्गाको अधिग्रहण, पुनरभरण तथा भू-उपयोग तथा कृषिमा अनुदान, सहुलियत, कृषि बाली बीमा, प्रविधि र कषि उत्पादनको अन्तर्राष्ट्रिय व्यापार नियमन/पहूँच सम्बन्धी कानूनको तर्जूमा संघले गर्ने र ती कानूनको कार्यान्वयन प्रान्तले गर्नेछ" भन्ने व्यवस्था संविधानमा गरिंदा जीविकोपार्जनमा निर्भर रहेका जनता प्राकृतिक स्रोत मध्ये एक भूमिको बाँडफाँड उपयुक्त रुपमा हुनसक्छ । भएमा प्रान्तलाई यस सम्बन्धी कानून बनाउने अधिकार दिंदा अनुपयुक्त हुने भन्ने होइन । तर संघलाई

[४] प्राचीन स्मारक भन्नाले मानव निर्मित एक सय वर्ष वा सो भन्दा बढी पुराना वस्तुलाई सम्झनु पर्छ ।

कानून बनाउने अधिकार प्रदान गर्दा मुलुकमा रहेको जग्गाको असमान वा असमन्यायिक वितरणको समस्यालाई निदान गर्नुका साथै विभिन्न प्रान्तमा एकरुपता भएको कानून आउन सक्ने तर्कको आधारमा यो प्रस्ताव गरिएको छ ।

"अन्तर्राज्य सिँचाई आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार उपयोग, पहूँच तथा व्यवस्थापन सम्बन्धी कानून बनाउने अधिकार संघको हुनेछ" भन्ने संवैधानिक प्रावधान रहँदा भूमिको सही प्रयोग भै कृषिमा उत्पादकत्व वृद्धिको लागि आवश्यक पर्ने सिँचाई समेतको व्यवस्था गर्न सहज हुन्छ । त्यस्तै "आनुवंशिक रुपमा परिवर्तित जीव र क्वारेण्टाइन जस्ता विषयमा संघले कानून तर्जुमा गर्ने र ती कानूनको कार्यान्वयन प्रान्तले गर्नेछ" भन्ने व्यवस्था संविधानमा गरिनु अत्यन्तै सामयिक हनेछ । कृषि तथा भूमि सम्वन्धी भएको तथा भविष्यमा गरिने अन्तर्राष्ट्रिय महासन्धिहरुको पनि संघवाटै कानूनहरुको तर्जुमा हुने र प्रान्तहरुले कार्यान्यवन गर्नेछन् । वढ्दो भू-क्षयका कारण वातावरणमा पुग्न गएको अपूरणीय क्षति तथा राष्ट्रिय उत्पादकत्व घट्दो क्रममा खाद्य असुरक्षामा तीव्र वृद्धि भैरहेको परिप्रेक्ष्यमा "भू-उपयोग प्रणालीको विकास, चक्लावन्दी जस्ता भूमिको व्यवस्थापन लगायत ठूला तथा प्रान्तीय सिँचाई आयोजना सम्बन्धी विषयमा कानून बनाउने अधिकार प्रान्तको हुनेछ" भन्ने व्यवस्था संविधानमा गरिँदा उल्लेखित समस्याहरुको निदानमा सहयोगसिद्ध हुन्छ । भूमिको असमान वा असमन्यायिक वितरण घटाई तथा कृषि प्रधान मुलुकको उत्पादकत्वको वृद्धि गरेर देशलाई आत्मनिर्भर वनाई देशको सर्वाङ्गीण विकासतर्फ समेत सकारात्मक भूमिका निभाउनेछ । देशमा कृषि विकासको नाममा प्रयोग भैरहेको "विषादिको ओसार-पसार, उत्पादन र प्रयोग सम्बन्धी निर्णय गर्ने अधिकार प्रान्तको हुनेछ" भन्ने प्रावधान संविधानमा समावेश गरेमा अव्यवस्थित तथा अनियन्त्रित विषादिको प्रयोगबाट निम्तिन सक्ने विभिन्न किसिमका दूर्घटना तथा प्रदूषण लगायतका क्षतिलाई नियन्त्रण तथा रोकथाम गर्न मद्दत पुऱ्याउन सक्ने देखिन्छ । "खाद्य सुरक्षा तथा स्थानीय कृषि बजार प्रणाली र कृषिको सामुदायिकीकरणका लागि आवश्यक पर्ने नीति निर्माणको अधिकार स्थानीय सरकारको हुनेछ" भन्ने प्रावधानका साथै "समुदायमा आधारित कृषि सहकारी, सामुहिक कृषि तथा सार्वजनिक तथा सामुदायिक भूमिमा आयोजना, व्यवस्थापन तथा सञ्चालन गरिने माछापालन पशुपालन, खर्क तथा चरिचरनको व्यवस्थान, विकास तथा सम्हार गर्ने दायित्व तथा अधिकार समुदायको हुनेछ" भन्ने प्रावधान संविधानमा समावेश गरिनु वातावरणीय संधीयता अनुकूल हुनेछ ।

### ३.९ परम्परागत ज्ञान

पहिचान लोप भएका घुमन्ते राउटे जस्ता विपन्न आदिवासी/जनजाति/महिला/दलित, वञ्चितीकरणमा पारिएका तथा स्थानीय समुदायको परम्परागत ज्ञान, सीप तथा अभ्यासको पहिचान भएको पाईंदैन वा परम्परागत ज्ञान तथा सीपमा आधारित वातावरणीय स्रोतहरुको अभ्यासकर्ताको ज्ञानलाई अभिलेखीकरण विरलै मात्र राज्यबाट भएको छ। मुलुकका तर्फबाट हालसम्म सो सम्वन्धी संरक्षण एवं सम्बर्द्धन गर्ने प्रयास पनि भएको छैन । उक्त ज्ञानको अपेक्षित रुपमा संरक्षण सम्बन्धी राष्ट्रिय स्तरमा प्रभावकारी ढङ्गले कुनै कानूनी संयन्त्र तर्जूमा भएकै छैन । परम्परागत ज्ञान, सीप तथा अभ्यासको पहिचान संरक्षण एवं सम्बर्द्धन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाहरुका बारेमा अधिकाँश रुपमा सम्बन्धित व्यक्तिहरु सुसूचित नभएको अवस्था छ । परिणामस्वरुप त्यस्ता व्यवस्थाहरुले गरेका उल्लेखित ज्ञान, सीप तथा अभ्यासको संरक्षण सम्वर्द्धनका प्रयासहरुमा पूर्व सुसूचित वा सम्बन्धित समुदायको सहभागिता हर्षपूर्ण तरिकाले भएको मान्न सकिने अवस्था विद्यमान भएन ।

नयाँ संविधानमा "पहिचान लोप भएका घुमन्ते राउटे जस्ता विपन्न आदिवासी/जनजाति तथा वञ्चितीकरणमा पारिएका स्थानीय समुदायको परम्परागत ज्ञान, सीप तथा अभ्यासहरुको संरक्षण, सम्बर्द्धन र त्यस्तो ज्ञान, सीप र अभ्यासहरुको व्यापारिक वा अन्य कुनै किसिमको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी कानून संघले तर्जूमा गर्नेछ" भन्ने प्रावधान भएमा मात्र पहिचान गुमाएका राउटे जस्ता विपन्न आदिवासी/जनजाति तथा स्थानीय समुदायको परम्परागत ज्ञान तथा सीपमा आधारित वातावरणीय स्रोतहरुको अभ्यास कर्ताहरुको उचित कदर हुनेछ । तिनका नाममा विगतमा मुलुकका तर्फबाट राजनैतिक तथा अर्थिक स्वार्थ पूर्ति गर्नका लागि मात्रै सीमित पहूँच भएका राजनैतिक तहका व्यक्तिले असमन्यायिक लाभ उठाएका छन् । सो समेत यकिन भै आदिवासी, जनजातिको परम्परागत ज्ञान सम्वन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुमा हालसम्म अनुमोदन गरिएका र भविष्यमा गरिने यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरुको वास्तविक कार्यान्वयन हुनेछ ।

अझ यस विषयमा एक कदम अघि वढेर "संघले तर्जूमा गरेको कानूनमा कुनै प्रतिकूल असर नपर्ने र सो कानून भन्दा अझ प्रगतिशील कानूनको तर्जूमा गर्नसक्ने अधिकार प्रान्तको हुनेछ" भन्ने प्रावधान नयाँ संविधानमा गरिएमा प्रान्तहरुलाई पहिचान गुमाएका राउटे जस्ता आदिवासी, जनजाति तथा स्थानीय समुदायको परम्परागत ज्ञान, सीप तथा अभ्यासहरुको संरक्षण, सम्बर्द्धन गर्न राम्रो भन्दा राम्रो कानून तथा कार्यक्रम तर्जूमा र कार्यान्वयन गर्न सक्ने अवसर प्रदान गर्ने छ । प्रान्तलाई समेत यस क्षेत्रमा नियमन र व्यवस्थापनको अधिकार भएमा राज्य भित्रका आदिवासी जनजातिको ज्ञान, सिप र अभ्यास सुहाउँदो कानून र कार्यक्रम तर्जूमा गर्दा कार्यान्वयन गर्न मार्ग प्रशस्त हुनेछ ।

### ३.१० वहुपक्षीय वातावरणीय महासन्धि

विगतमा मुलुकका तर्फबाट राजनैतिक तथा आर्थिक स्वार्थ पूर्ति

गर्नका लागि मात्रै सीमित पहूँच भएका राजनैतिक तहका व्यक्तिले गरेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुमा मुलुकका तर्फबाट हालसम्म अनुमोदन गरिए पनि राष्ट्रिय स्तरमा उपयुक्त विभिन्न कानूनहरु वनाई प्रभावकारी रुपमा कार्यान्वयन नभएकाले सम्मानित सर्वोच्च अदालतमा विभिन्न विषयमा रिट निवेदन परी फैसला भए पनि कार्यान्वयन हुन नसकेको तथ्य सबैको सामु छर्लङ्ग छ । विश्व सम्पदा महासन्धि; सङ्कटापन्न जङ्गली रुखविरुवा तथा वन्यजन्तुका प्रजातिहरुको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि; रामसार महासन्धि; जैविक विविधता महासन्धि; जलवायु परिवर्तन महासन्धि लगायत हालसम्म २२ वटा महासन्धिको नेपाल पक्ष भएको छ ।[५] ती महासन्धि अन्तर्गत नेपालका विभिन्न दायित्वहरु छन् । माथि चर्चा भएझैं ती दायित्वका पालना नभएको अवस्थामा भविष्यमा पुन: त्यस्तो दु:खद स्थिति नआवस र विगतमा गरिएका महासन्धि समेतको प्रभावकारी कार्यान्वयन होस् भन्नाकालागि "राष्ट्रिय स्तरमा वहुपक्षीय तथा अन्तर्राष्ट्रिय वातावरणीय महासन्धिद्वारा तोकिएका प्रतिवद्धता कार्यान्वयन गर्नका लागि कानूनहरुको तर्जुमा गर्ने अधिकार संघको हुने छ र संघले बनाएको त्यस्ता कानूनको प्रभावकारी कार्यान्वयन गर्ने र कर्तव्य प्रान्तको हुनेछ " भन्ने व्यवस्था संविधानमा समावेश गरिएमा विगतमा भएका र भविष्यमा गरिने यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरुको वास्तविक कार्यान्वयन हुन सक्ने देखिन्छ ।

## ३.११ अवशिष्ट अधिकार

वातावरणीय संघीयता कायम गर्नका लागि देशले उपयुक्त ठानेको वातावरणीय संघीयता मध्येको कुनै एउटा प्रारुपमा वातावरणीय स्रोत, सेवा वा वस्तुहरुको बाँडफाँडका निम्ति "संविधानमा उल्लेख भएकोमा सोही बमोजिम नभएकोमा संघको अधिकार र दायित्व हुनेछ" भन्ने प्रावधान संविधानमा राख्नु अत्यन्तै सान्दर्भिक हुन्छ ।

## निष्कर्ष

अत: संघियताकै वारेमा यथेष्ट छलफल हुनु पर्नेमा नभएको



परिवेशमा वातावरणीय संघीयताका वारेमा त भएको छैन भन्दा पनि हुन्छ वा अत्यन्तै कम छलफल भएको आई.यू.सी.एन.का कार्यक्रम वाहेक अन्यत्र नसुनेको भन्ने धेरैजसो माननीय सभासदबाट आयो । यसले के देखाउँछ भने यो विषयमा वा महत्वका साथ छलफल नै भएको छैनन । यस्तो समसामयिक विषयमा गहन छलफल, सम्बाद गरी एउटा साझा न्यूनतम प्रारुप तयार गर्नु पर्ने आवश्यकता छ । त्यसैले यस विषयमा संरक्षण समुदायको एउटै आवाज र अडान रहनु पर्ने न्यूनतम आवश्यकता हो । राजनैतिक प्राथमिकताको तहमा साह्रै पछाडि परेको वातावरणीय संघीयतालाई राजनीतिक दलको मुख्य प्रस्तावका रुपमा राखी यस विषयमा गहन चिन्तन, मनन तथा छलफल गरी अघि बढाउनु जरुरी भएको छ । यसै आवश्यकतालाई महशुस गरी सबैले वातावरणीय संघीयताका विषयमा साहसिकता र प्राग-ऐतिहासिकताको वीचमा सन्तुलन कायम गर्नका लागि संगठित रुपमा संविधान सभा सदस्य राजनैतिक दलहरुका प्रतिनिधि एवं संविधान मस्यौदा समितिका विज्ञ सदस्यका वीचमा कार्य गरिर हेका व्यक्ति मतैक्यताका साथ वातावरणीय संघीयतालाई अगाडि बढाउन सकिएमा मात्र सही रुपमा वातावरणको संरक्षण हुन सम्भव छ । अनि मात्र भावी पुस्ताको हित संरक्षण हुन्छ ।

[५] संविधानसभा (२०६६), राष्ट्रिय हितको संरक्षण समिति अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६, राष्ट्रिय हितको संरक्षण समिति, संविधानसभा, सिंहदरवार, ७४ ।

Ministry of Environment

**जानकारी पत्र पाइने स्थान**

**IUCN Nepal**

c/o IUCN Nepal
PO Box 3923, Kathmandu, Nepal
Tel: +977 1 552 8761/8781
Fax: +977 1 553 6786
Web: http://www.iucnnepal.org
Email: info@iucn.org.np

विज्ञ पाठकवृन्दबाट प्राप्त सुझावात्मक टिप्पणीबाट आगामी प्रकाशन सुधार गर्नमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा गर्छौं । प्रकाशित सामाग्रीको कुनै वा पुरै भाग पुन: प्रकाशित गर्नु परेमा संघलाई साभार गरिदिई सो को एक प्रति संघलाई उपलव्ध गराइदिनु हुन विनम्र अनुरोध छ ।

यो जानकारी पत्र नयाँ संविधानमा वातावरणीय अधिकार समावेश सम्बन्धी परियोजनाका संयोजक एल. वी. थापाबाट सम्पादन भएको हो ।